गढवा गाउँपालिका
देउखुरी दाङ, लुम्बिनी प्रदेश नेपाल

# स्थानीय राजपत्र

स्थानीय सरकार द्वारा प्रकाशित

खण्ड : ६ पौष १३ गते, २०७९ साल, संख्या : ६

भाग - १

## गढवा गाउँपालिकाको सूचना ।

नेपालको संविधानको धारा २२६ बमोजिम गढवा गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# गढवा गाउँपालिकाको गाउँ खेलकुद विकास समिति गठन तथा संचालन कार्यविधि, २०७९

**प्रस्तावनाः**

स्वास्थ्यको लागि खेलकुद गढवा गाउँपालिकाको अभियान, स्वस्थ्य र सृजनशिल व्यक्ति गढवा गाउँपालिकाको शान भन्ने मूल नारा सहित यस गढवा गाउँपालिका क्षेत्र भित्र

बसोवास गर्ने सम्पूर्ण गाउँवासीहरुलाई खेलकुदमार्फत स्वस्थ्य र सृजनशिल व्यक्तिको रुपमा विकास गर्नको लागि गढवा गाउँ खेलकुद विकास समिति गठन तथा सञ्चालन कार्यविधी आवश्यक भएकोले यो "गाउँ खेलकुद विकास समिति गठन र सञ्चालन कार्यविधी, २०७९" तयार पारिएको हो ।

## १. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधीको नाम **"गाउँ खेलकुद विकास समिति गठन तथा सञ्चालन कार्यविधी, २०७९"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।

## २.परिभाषा र व्याख्याः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्य विधीमाः-

(क) "गाउँपालिका" भन्नाले गढवा गाउँपालिका सम्झनु पर्दछ ।

(ख) "गाउँकार्यपालिका" भन्नाले गढवा गाउँकार्यपालिका सम्झनु पर्दछ ।

(ग) "अध्यक्ष" भन्नाले यस गाउँकार्यपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(घ) "उपाध्यक्ष" भन्नाले यस गाउँकार्यपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले यस गाउँकार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(च) “गाउँ खेलकुद विकास समिति” भन्नाले यस कार्यविधि बमोजिम गाउँपालिकाद्धारा सञ्चालन हुने खेलकुदसँग सम्बन्धित क्रियाकलापहरुलाई नियमन तथा आवश्यक सुधारात्मक कार्यहरु गर्नका लागि गठन गरिएको समितिलाई सम्झनु पर्दछ ।

(छ) “वडा समिति” भन्नाले गाउँकार्यपालिकाको वडा समिति सम्झनु पर्दछ ।

(ज) “सभा” भन्नाले यस गाउँपालिकाको गाउँसभा सम्झनु पर्दछ ।

## ३. गाउँ खेलकुद विकास समिति गठनः

तपशिलका व्यक्तिहरु गाउँ खेलकुद विकास समितिमा सदस्य हुन सक्ने छन्ः-

क) गढवा गाउँपालिकाको नागरिक,

ख) कुनै पनि फौजदारी अभियोग नलागेको व्यक्ति,

ग) खेल क्षेत्र बुझ्केको वा खेल क्षेत्रलाई माया गर्ने व्यक्ति,

## ४. गाउँ खेलकुद विकास समितिमा तपशिलका पदाधिकारीहरु रहने व्यवस्था रहेको छ :-

क) गाउँपालिका अध्यक्ष वा निजले तोकेको एकजना गाउँसभाको सदस्य -अध्यक्ष,

ख) खेलकुद सम्बन्धि विषयगत क्षेत्र हेर्ने कार्यपालिकाको संयोजक वा निजले तोकेको समितिको सदस्य -सदस्य,

ग) गढवा गाउँपालिका भित्रका माध्यमिक विद्यालयहरुबाट प्रधानाध्यापक र खेलकुद शिक्षकबाट गाउँपालिका अध्यक्षले तोकेको दुई जना, - सदस्य

घ) जन समुदायमा पहिचान भएका खेल प्रेमीहरु मध्येबाट गाउँकार्यपालिकाले छनौट गरेको एक जना महिला सहित २ जना -सदस्य

ङ) गढवा गाउँपालिका भित्रको क्लबका अध्यक्षहरु मध्येबाट गढवा गाउँपालिकाको अध्यक्षले तोकेको २ जना -सदस्य

च) गढवा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको एक जना सम्बन्धीत शाखाको कर्मचारी - सदस्य सचिव

## ४.१ वडा स्तरिय खेलकुद विकास समिति :

क) वडा अध्यक्ष वा निजले तोकेको एक जना वडा सदस्य अध्यक्ष,

ख) वडा भित्रका विद्यालयहरुको खेलकुद शिक्षकबाट वडा अध्यक्षले तोकेको एक जना, - सदस्य

ग) खेल प्रेमीहरु मध्येबाट वडा समितिले छनौट गरेको एक जना - सदस्य

ङ) वडा भित्रको क्लबका अध्यक्षहरु मध्येबाट सम्बन्धित वडाले छनौट गरेको १ जना - सदस्य

च) सम्बन्धित वडाको वडा सचिब - सदस्य सचिव

**४.२ गाउँ तथा वडा खेलकुद समितिको पदावधी :**
गाउँ खेलकुद विकास समिति तथा वडा खेलकुद समितिको पदावधी २ वर्षको हुनेछ ।

५. **गाउँ खेलकुद विकास समितिको कार्यहरु** :-
(क) यस गाउँपालिकाबाट सञ्चालन गरिने विभिन्न खेलकुद क्रियाकलापहरुको सञ्चालन, नियमन, प्रवर्द्धन लगायतका कार्य गर्ने,

(ख) गाउँ क्षेत्रभित्र सञ्चालन गरिने खेलकुदहरुको पहिचान गरी गाउँकार्यपालिकामा पेश गर्ने,

(ग) खेलकुदको माध्यमबाट सम्पूर्ण गाउँवासीलाई एकिकृत गर्ने,

(घ) गाउँपालिकाको तर्फबाट प्रतिनिधित्व गरी अन्य कुनै ठाँउमा गई खेलकुद क्रियाकलापमा सहभागि हुन जाँदा व्यवस्थापन गर्ने,

(ङ) वार्षिक कार्यक्रम बनाई विभिन्न खेलकुदको आयोजना तथा सञ्चालन गर्ने,

(च) गाउँ खेलकुद विकास समितिले वार्षिक रुपमा कम्तिमा १ वटा गाउँस्तरिय, कम्तिमा १ वटा विद्यालय

स्तरिय खेलकुद आयोजना तथा सञ्चालन गर्नुपर्नेछ, भने अन्य विभिन्न खेलकुद सम्बन्धी क्रियाकलापहरु गर्न गराउन सक्नेछ ।

(छ) आवश्यक्ता अनुसार वडा खेलकुद समितिलाई आवश्यक जिम्मेवारी तथा अधिकार प्रत्यायोजन गर्ने ।

(ज) वडा खेलकुद समितिको राय सुझाब तथा प्रस्तावका आधारमा कार्यक्रम तथा आवश्यक निर्णयहरु गर्ने ।

(झ) वजेट निर्माण प्रक्रियामा गाउँकार्यपालिकालाई आवश्यक्ताका आधारमा खेलकुद सम्बन्धी क्रियाकलापहरुको प्रस्ताव तथा सुझाब पेश गर्ने ।

## ५.१ **वडा खेलकुद विकास समितिको कार्यहरु** :-

(क) वडाबाट सञ्चालन गरिने विभिन्न खेलकुद क्रियाकलापहरुको सञ्चालन, नियमन, प्रवर्द्धन लगायतका कार्य गर्ने,

(ख) वडा क्षेत्रभित्र सञ्चालन गरिने खेलकुदहरुको पहिचान गरी गाउँ वडा समितिमा पेश गर्ने,

(ग) खेलकुदको माध्यमबाट सम्पूर्ण वडाबासीलाई एकिकृत गर्ने,

(घ) वडाको तर्फबाट प्रतिनिधित्व गरी अन्य कुनै ठाँउमा गई खेलकुद क्रियाकलापमा सहभागि हुन जाँदा व्यवस्थापन गर्ने,

(ङ) वार्षिक कार्यक्रम बनाई विभिन्न वडा स्तरिय खेलकुदको आयोजना तथा सञ्चालन गर्ने,

(च) गाउँ खेलकुद विकास समितिको निर्देशनमा अन्य विभिन्न खेलकुद सम्बन्धी क्रियाकलापहरु गर्न गराउन सक्नेछ ।

(छ) आवश्यक्ता अनुसार गाउँ खेलकुद समितिबाट प्रदत्त जिम्मेवारी तथा प्रत्यायोजित अधिकार बमोजिम कामकाज गर्ने ।

(ज) वजेट निर्माण प्रक्रियामा वडा समितिलाई आवश्यक्ताका आधारमा खेलकुद सम्बन्धी क्रियाकलापहरुको प्रस्ताब तथा सुझाब पेश गर्ने

## ६. **खेलकुद प्रकृयाः**

(१) वार्षिक योजनामा नपरको कुनैपनि खेलकुद तत्काल आयोजना तथा

सञ्चालन गर्न आवश्यक परेमा कार्यक्रमको लागि गाउँपालिका अध्यक्षको निर्णय द्वारा, रु पचास हजारसम्म खर्च व्यहोर्ने

(२) रु पचास हजार देखि दुई लाख सम्मको खर्च हुने खेलकुद कार्यक्रमको लागि गाउँ खेलकुद विकास समितिको सिफारिसमा गाउँकार्यपालिकाको निर्णय द्वारा,

(३) रु दुईलाख भन्दा वढी कुनै पनि खेलकुद कार्यक्रम आयोजना तथा सञ्चालन गर्न आवश्यक परेमा गाउँसभाद्वारा निर्णय गर्नुपर्नेछ ।

## ७. **प्रतिवेदन पेश गर्नुपर्नेः**

गाउँ खेलकुद विकास समितिले आफ्नो सम्पुर्ण कार्यक्रमको अर्धवार्षिक रुपमा गाउँसभामा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

## ८. खेलकुद विकास समितिले पालना गर्नुपर्ने पूर्व शर्तः

(क) खेलकुद विकास समितिले गाउँपालिकाद्वारा गरिएको निर्णयहरु पालना गर्नुपर्ने,

(ख) कुनै पनि खेलकुद कार्य आयोजना तथा सञ्चालन गर्न आवश्यक परेमा प्रस्तावना सहित गाउँपालिकामा पेश गर्नुपर्ने,

(ग) गाउँ खेलकुद विकास समितिले आयोजना तथा सञ्चालन गर्ने खेलकुद गतिविधिहरु सामाजिक सौहार्द्धपूर्ण रुपमा, आर्थिक मितव्ययीता एवं सबैलाई समेट्न सक्ने गरी चुस्त दुरुस्त रुपमा गर्नु पर्नेछ,

(घ) आर्थिक गतिविधीहरु पारदर्शी, उत्तरदायी र जवाफदेही प्रकारको हुनुपर्नेछ,

## ९. प्राप्त आर्थिक सहायता तोकिएको प्रयोजनमा खर्च गर्नुपर्ने:

यस गाउँपालिकाबाट जुन प्रयोजनका लागि जे जति रकम विनियोजन भएको हो सोही प्रयोजनमा खर्च गर्नु पर्नेछ ।

## १०. यसै कार्यविधी बमोजिम भए गरेको मानिने:

यस अधि यस गाउँपालिकाबाट खेलकुद क्षेत्रमा विनियोजन गरिएका रकम समेत यसै कार्यविधी बमोजिम भए गरेको मानिनेछ ।

११. **कार्यविधिको व्याख्या संशोधन तथा अनुसूची थपघट**:

यस कार्यविधीको आवश्यक व्याख्या, संशोधन तथा अनुसूची गाउँकार्यपालिकाले थपघट गर्नेछ ।

आज्ञाले,
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत